"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधाररव्यापार: सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
# Gaur Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
मधेश प्रदेश, नेपाल

पत्र संख्या / Ref.No.:-२०७९/०८०-(नक्सा शाखा)
चलानी नं. / Dispatch No.:- ९४४

मिति/Date:२०७९/०८/२६

**विषयः- घरको नक्सा अभिलेखीकरण सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस नगर क्षेत्रमा निर्माण भएको सम्पूर्ण पक्की घरको नक्सा पास भएको हुनु पर्ने कानूनी व्यवस्था भएकोमा नगरबासीले नक्सा पास नगराई स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी हुनु भन्दा अगाडि घर निर्माण गरी सकेको भए त्यस्ता घरलाई एक पटकको लागी मात्र नक्सा पास प्रयोजनको लागी घरको नक्सा अभिलेखन गरी दिइने भएकोले यस नगरका सम्पूर्ण घरधनीले मिति २०७९ चैत्र मसान्त सम्ममा देहायको कागजात संलग्न राखी दरखास्त पेश गर्नु हुन सम्बन्धित सबै नगरबासीको जानकारीको लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यस सूचना बमोजिम घरको नक्सा अभिलेखन नगराउनेको हकमा पछि अन्य कुनै पनि व्यवस्था गर्न नसकिने र यस सूचना लाई अटेरी गरी अभिलेखन नगराउने घरधनीलाई यस कार्यालयबाट प्रदान गरिने सेवा सुबिधामा रोक लगाउन सकिने व्यहोरा समेत यसै सूचनाबाट जानकारीको लागी अनुरोध छ । साथै यस सूचना बमोजिम पक्कीघरको अभिलेखन नगराए घरको हकमा कुनै पनि किसिमको सिफारीस यस कार्यालयबाट प्रदान नगरिने व्यहोरा अनुरोध छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु**

(क) तोकिएको ढाँचाको दरखास्त थान-१
(ख) नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि थान-१
(ग) जग्गाधनी प्रमाणपूर्जा र चालू आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि थान-१
(घ) चालू आ.व. सम्मको बक्यौता घरजग्गा कर र सम्पतिकर तिरेको प्रतिलिपि थान-१
(ङ) मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको निर्मित घरको नक्सा थान-२
(च) जग्गाको प्रमाणित नक्सा थान-१
(छ) सम्बनधित वडा कार्यालयबाट चारकिला प्रमाणित थान-१

२०७९/८/२६

सुभाष कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

फोननं. :-०५५-५२०२९४ (नगरप्रमुख), ५२०८९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिकप्रशासनशाखा), ५२०३२४ (वारुणयन्त्र)
१६६०५५५२००२ (टोलफ्रीनं), EXT.४००३- प्रमुख प्रशासकीय अधिकृत,फैक्सनं. :-०५५ - ५२०२९२, www.gaurmun.gov.np,
Email :- gaurnapa@gmail.com,